# वैदेशिक सहायता परिचालन तत्परता मूल्याङ्कन चेकलिष्ट (रेडिनेस फिल्टर), २०८२

नेपालले लामो समयदेखि वैदेशिक सहायता परिचालन गर्दै आएको छ। वैदेशिक सहायताको माध्यमबाट थुप्रै राष्ट्रिय प्राथमिकताका आयोजना सम्पन्न भएका छन्। तथापि, वैदेशिक सहायताबाट सञ्चालित अधिकांश आयोजना निर्धारित समय र लागतमा सम्पन्न हुन सकेका छैनन्। यस्तो हुनुको एउटा प्रमुख कारण आयोजनाको पूर्वतयारीका पक्षलाई पर्याप्त ध्यान पुऱ्याउन नसकिनु रहेको हालसम्मको अनुभवले देखाएको छ। वैदेशिक सहायतामा सञ्चालित आयोजनाको वित्तीय सम्झौता भएपछि मात्र पूर्वतयारीका काम गर्दा अधिकांश आयोजनाको म्याद थप गर्नुपरेको र थप सहायता परिचालन गर्नुपरेको छ। फलस्वरूप आयोजनाको प्रतिफल अपेक्षित रूपमा समयमा प्राप्त हुन नसकेको हुँदा वैदेशिक सहायताको उपयोग क्षमतामा प्रश्न उठ्ने गरेको छ। तसर्थ, वैदेशिक सहायता परिचालनमा थप छनोटपूर्ण भई उपयोग क्षमता वृद्धि गर्नु जरुरी छ।

वैदेशिक सहायताबाट सञ्चालित आयोजना/कार्यक्रम विकास गर्दा आयोजनाको अवधारणापत्र तर्जुमा, लाभ लागत विश्लेषण, सम्भाव्यता अध्ययन हुँदै वार्ता एवम् सम्झौताको चरणसम्म पुऱ्याउन विषयगत मन्त्रालय/निकाय, अर्थ मन्त्रालय र दातृपक्ष बिच समन्वयात्मक ढंगले काम गरी वैदेशिक सहायताको प्रभावकारिता अभिवृद्धि गर्नु आवश्यक छ। पर्याप्त पूर्वतयारी भएका आयोजनाका लागि वैदेशिक सहायता परिचालन गरी कार्यान्वयनमा लैजाँदा तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्दै वैदेशिक सहायताको दक्षता अभिवृद्धि गर्न वैदेशिक सहायता परिचालन तत्परता मूल्याङ्कन चेकलिष्ट (रेडिनेस फिल्टर), २०८२ तर्जुमा गरिएको छ। यस चेकलिष्टले आयोजनाको पूर्वतयारीलाई व्यवस्थित गर्ने, आयोजनाको गुणस्तर कायम हुने, अन्तरनिकाय समन्वय सुदृढ हुने, आयोजना कार्यान्वयन निकायको अपनत्व अभिवृद्धि हुने, विकास साझेदारसँगको सहकार्य व्यवस्थित हुने र समग्र वैदेशिक सहायता परिचालन प्रभावकारी हुने अपेक्षा गरिएको छ।

बहुपक्षीय विकास साझेदारमार्फत् प्राप्त हुने सहायता परिचालनबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमका लागि यो चेकलिष्ट लागू हुनेछ। द्विपक्षीय विकास सहायताबाट परिचालन हुने आयोजना तथा कार्यक्रमका लागि सन्दर्भ सामग्रीका रूपमा यसलाई उपयोग गरिनेछ। नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि यो चेकलिष्ट लागू हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

चेकलिष्ट

| क्र.सं. | आयोजना तयारीका कोशेढुङ्गा एवं प्रमुख क्रियाकलाप | परिपालनाका लागि जिम्मेवार निकाय | अवस्था (भएको/ नभएको/ आवश्यक नरहेको) | कैफियत |
|---|---|---|---|---|
| १. | **आयोजना[1] प्रस्ताव अर्थ मन्त्रालयमा प्रेषित गर्नुपूर्व[2]** | | | |
| | १. प्रस्तावित आयोजनाको अवधारणा-पत्र तयार भएको हुनुपर्ने। अवधारणा-पत्रले आयोजनाको औचित्य, आवश्यकताको विश्लेषण, अपेक्षित उपलब्धि, आयोजनाका क्रियाकलाप, अनुमानित लागत र समय, कार्यान्वयन गर्ने निकाय(हरू), समन्वय संयन्त्र (कार्यान्वयन गर्ने निकाय एकभन्दा बढी भएमा), नवीनता एवं आयोजनामा प्रस्ताव गरिएका असल अभ्यास लगायतका विषय स्पष्ट रूपमा समेट्नुपर्ने। आवश्यकता अनुसार सम्भाव्यता अध्ययन समावेश हुनुपर्ने। | आयोजना प्रस्ताव गर्ने निकाय[3] | | |
| | २. आयोजना तयारी सम्बन्धी कार्ययोजना संलग्न गरिएको। | आयोजना प्रस्ताव गर्ने निकाय | | |
| २. | **आयोजना प्रस्ताव विकास साझेदारलाई प्रेषित गर्नुपूर्व** | | | |
| | १. आयोजना सिफारिस समिति[4]बाट आयोजना स्वीकृत भएको। | अर्थ मन्त्रालय/ विषयगत मन्त्रालय | | |
| | २. प्रतिस्पर्धा सीमित गर्ने शर्त सहितको (Procurement tied) ऋण एवं सहुलियतपूर्ण बाहेक अन्य ऋणको हकमा नेपाल सरकार (मन्त्रिपरिषद्) को पूर्वस्वीकृति प्राप्त भएको। | अर्थ मन्त्रालय/ विषयगत मन्त्रालय | | |
| ३. | **मूल्याङ्कन (Appraisal) वा तथ्य पहिचान (Fact Finding) मिसनपूर्व** | | | |
| | १. आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार भएको, आयोजनाका मुख्यमुख्य गतिविधि सहितको कार्यविवरण तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |

[1] आयोजना शब्दले आयोजना एवम् कार्यक्रम दुबैलाई जनाउनेछ।

[2] आयोजना अवधारणा-पत्र विकास गर्ने क्रममा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई विषयगत मन्त्रालयले सम्भावित विकास साझेदारसँग सहकार्य गर्न सक्नेछ।

[3] आयोजना प्रस्ताव गर्ने वा कार्यान्वयन गर्ने निकाय अन्तर्गत विषयगत मन्त्रालय समेत समावेश हुनेछ।

[4] वैदेशिक सहायता परिचालन नीति, २०८२ मा व्यवस्था भएको समितिलाई जनाउनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र. सं. | आयोजना तयारीका कोशेढुङ्गा एवं प्रमुख क्रियाकलाप | परिपालनाका लागि जिम्मेवार निकाय | अवस्था (भएको/ नभएको/ आवश्यक नरहेको) | कैफियत |
|---|---|---|---|---|
| | २. आयोजना कार्यान्वयन संरचना र कोष प्रवाह (Fund Flow) व्यवस्था स्पष्ट भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |
| | ३. आवश्यकता अनुरूप सहलगानी गर्ने सबै विकास साझेदारबाट सहमति प्राप्त भएको। | अर्थ मन्त्रालय | | |
| | ४. आयोजना कार्यान्वयन इकाइको दरबन्दी प्रस्ताव भएको र आयोजनाका मुख्य पदाधिकारी प्रस्ताव गरिएका। मुख्य पदाधिकारी (आयोजना निर्देशक, खरिद, वित्तीय व्यवस्थापक, सेफगार्ड) आयोजना चक्रको सुरुको चरणमा नै पहिचान भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |
| | ५. आवश्यकता अनुसार विस्तृत आर्थिक, प्राविधिक, सामाजिक तथा वित्तीय विश्लेषण गरिएको। यस अन्तर्गत आयोजनाको वित्तीय प्रबन्ध (वित्त स्रोत, वार्षिक वित्तीय आवश्यकता, ऋण भुक्तानी अवधि), वित्तीय विश्लेषण (लाभ लागत अनुपात, वित्तीय एवं आर्थिक आन्तरिक प्रतिफलदर, हालको खुद मूल्य लगायत) खुलाइएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |
| | ६. वातावरणीय अध्ययन पूरा भई स्वीकृत भएको र विकास साझेदारको सहमति प्राप्त भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, वन तथा वातावरण मन्त्रालय | | |
| | ७. आयोजना कार्यान्वयनको लागि वातावरण व्यवस्थापन योजना (Environment Management Plan - EMP) तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ८. आयोजनामा गरिने ठेक्का प्याकेजको संख्या, विवरण, खरिद विधि, निर्णय सम्बन्धी फ्लोचार्ट र समय तालिका सहितको आयोजनाका प्रमुख कार्यहरूको खरिद योजना प्रस्ताव गरिएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ९. आयोजना व्यवस्थापन परामर्शदाता, | आयोजना कार्यान्वयन | | |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र. सं. | आयोजना तयारीका कोशेढुङ्गा एवं प्रमुख क्रियाकलाप | परिपालनाका लागि जिम्मेवार निकाय | अवस्था (भएको/ नभएको/ आवश्यक नरहेको) | कैफियत |
|---|---|---|---|---|
| | परामर्शदाताको पूर्वयोग्यता, खरिद विधि लगायतका सबै परामर्श सम्झौताको कार्यशर्त (Terms of Reference) मा विकास साझेदारको सहमति प्राप्त भएको। | गर्ने निकाय | | |
| | १०. परामर्शदाता छनोटका लागि प्राविधिक मूल्याङ्कन सूचक तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ११. आवश्यकता अनुसार जग्गा अधिग्रहण एवं पुनर्स्थापना योजना तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | १२. जग्गा अधिग्रहण एवं पुनर्स्थापनाका लागि आवश्यक रकममध्ये कम्तीमा ३० प्रतिशत बजेट व्यवस्था भएको वा स्रोत सुनिश्चितता भएको। आवश्यकता अनुसार जग्गा अधिग्रहण/निर्माणपूर्वका क्रियाकलाप सुरु भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |
| | १३. आयोजनाको कुल लागतमध्ये विकास साझेदारबाट प्राप्त हुने बाहेक थप रकम आवश्यक भए सोको व्यवस्था भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |
| | **नतिजामा आधारित कार्यक्रमका (PforR/RBL) लागि** | | | |
| | १४. कार्यक्रमको अपेक्षित लक्ष्य र सोको लागत अनुमान तयार गरिएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | १५. निकासा आबद्ध सूचक (Disbursement Linked Indicators - DLIs), प्रमाणीकरण (verification) प्रोटोकल र कार्यक्रमको कार्ययोजना तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | १६. स्वतन्त्र प्रमाणीकरण निकायका लागि आवश्यक कार्यशर्त तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | **बजेटरी सहायताका लागि** | | | |
| | १७. नीति सुधार खाका तथा कार्ययोजनाको मस्यौदा | अर्थ मन्त्रालय, | | |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र. सं. | आयोजना तयारीका कोशेढुङ्गा एवं प्रमुख क्रियाकलाप | परिपालनाका लागि जिम्मेवार निकाय | अवस्था (भएको/ नभएको/ आवश्यक नरहेको) | कैफियत |
|---|---|---|---|---|
| | तयार भएको र आयोजना सिफारिस समितिबाट सिफारिस भएको। | विषयगत मन्त्रालय | | |
| | १८. प्राविधिक सहायता आवश्यक भएमा सोको कार्यशर्तको मस्यौदा तयार भएको। | अर्थ मन्त्रालय | | |
| | **आयोजना तयारी सहायताका लागि** | | | |
| | १९. आयोजना तयारी अन्तर्गतको कार्यक्षेत्र एवं परामर्शदाताको कार्यशर्त तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | २०. कार्यान्वयन र सोको संस्थागत व्यवस्था तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| ४. | **आयोजनाको वार्तापूर्व** | | | |
| | १. आयोजना कार्यान्वयन योजना/ प्रशासन म्यानुअल/मेमो (कार्यक्षेत्र, कार्यान्वयन संरचना, खरिद, बजेट, निकासा, प्रतिवेदन र लेखापरीक्षण सहितको) तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | २. कम्तीमा ३० प्रतिशत जग्गा प्राप्ति भएको र बाँकी जग्गा प्राप्तिको सुनिश्चितता भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ३. बिजुली, टेलिफोन, खानेपानी, ढल वा अन्य संरचना स्थानान्तरणको सुनिश्चितता भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ४. खरिद योजनासँग आबद्ध हुने गरी राहत र पुनर्स्थापना योजना तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ५. आयोजनाको कार्यान्वयनको लागि परामर्शदाता आवश्यक भएमा सो सम्बन्धी खरिद पूर्वका कार्य सम्पन्न भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ६. वन क्षेत्र उपयोगको स्वीकृति आवश्यक भएमा सोको स्वीकृति प्राप्त भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, वन तथा वातावरण मन्त्रालय | | |
| | ७. प्रदेशबाट प्रस्ताव भएको आयोजनाको हकमा प्रदेश मन्त्रिपरिषद् तथा स्थानीय तहबाट प्रस्ताव भएको आयोजनाको हकमा स्थानीय | आयोजना कार्यान्वयन गर्ने निकाय | | |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र. सं. | आयोजना तयारीका कोशेढुङ्गा एवं प्रमुख क्रियाकलाप | परिपालनाका लागि जिम्मेवार निकाय | अवस्था (भएको/ नभएको/ आवश्यक नरहेको) | कैफियत |
|---|---|---|---|---|
| | कार्यपालिकाबाट स्वीकृति प्राप्त भएको। | | | |
| | ८. निर्माण कार्यसँग सम्बन्धित आयोजनाको हकमा लागतको कम्तीमा ३० प्रतिशत बराबरको ठेक्का सम्बन्धी कागजात तयार भएको र सोमा विकास साझेदारको सहमति प्राप्त भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | ९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन ढाँचा तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | १०. आयोजनाका लागि चालु आर्थिक वर्षमा आवश्यक रकम विनियोजन भएको वा स्रोत सुनिश्चितता भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |
| | ११. सहायक ऋण सम्झौता आवश्यक पर्ने भए सोको मस्यौदा तयार भई सहमति भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय/अर्थ मन्त्रालय | | |
| | १२. राष्ट्रिय आयोजना बैंकमा प्रविष्टि भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | १३. वित्तीय सम्झौताको मस्यौदा तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय, विकास साझेदार | | |
| | १४. वार्ताका लागि मन्त्रिपरिषद्बाट अख्तियारी प्राप्त भएको। | अर्थ मन्त्रालय | | |
| | **नतिजामा आधारित कार्यक्रमका लागि** | | | |
| | १५. स्वतन्त्र प्रमाणीकरण निकायको सेवा प्राप्त गर्न सम्झौताको मस्यौदा तयार भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | **बजेटरी सहायताका लागि** | | | |
| | १६. सहमति गरिएका सुधारका कार्य पूरा भएको प्रमाण अर्थ मन्त्रालयमा प्रेषित गरेको। | विषयगत मन्त्रालय | | |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | आयोजना तयारीका कोशेढुङ्गा एवं प्रमुख क्रियाकलाप | परिपालनाका लागि जिम्मेवार निकाय | अवस्था (भएको/ नभएको/ आवश्यक नरहेको) | कैफियत |
|---|---|---|---|---|
| | १७. प्राप्त प्रमाण र नीतिगत सुधार सम्बन्धी पत्र विकास साझेदारलाई प्रेषित गरेको। | अर्थ मन्त्रालय | | |
| | **आयोजना तयारी सहायताका लागि** | | | |
| | १८. आयोजना तयारी इकाइको प्रमुख पदाधिकारी तोकिएको र अन्य पदाधिकारी तीन महिनाभित्र व्यवस्थापन हुने सुनिश्चित भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| ५. | **सम्झौतामा हस्ताक्षर गर्नुपूर्व** | | | |
| | १. आयोजना निर्माण कार्यको कुल लागतको कम्तीमा ३० प्रतिशत कामको ठेक्का मूल्यांकन सम्पन्न भई स्वीकृतिको चरणमा रहेको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| | २. हस्ताक्षरको लागि मन्त्रिपरिषद्बाट अख्तियारी प्राप्त गरेको। | अर्थ मन्त्रालय | | |
| | **नतिजामा आधारित कार्यक्रमका लागि** | | | |
| | ३. आवश्यकता अनुसार स्वतन्त्र सत्यापन निकायको सेवा प्राप्तिको लागि सम्झौता हुने सुनिश्चित भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय | | |
| ६. | **ऋण प्रभावकारी हुनुपूर्व** | | | |
| | १. कानूनी राय लिइएको। | अर्थ मन्त्रालय | | |
| | २. आवश्यकता अनुसार सहायक ऋण सम्झौता भएको। | आयोजना कार्यान्वयन गर्ने निकाय, अर्थ मन्त्रालय | | |

नोटः

१. दुई वा दुईभन्दा बढी निकायको बीचमा समन्वय गर्ने विषयमा अनुरोध भई आएमा आवश्यकता अनुसार अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ।
२. यो चेकलिष्ट कार्यान्वयनको क्रममा द्विविधा उत्पन्न भएमा अर्थ मन्त्रालयले स्पष्ट गर्न सक्नेछ।
३. यो चेकलिष्ट लागू हुनुपूर्व प्रक्रिया सुरु भएका आयोजना वा कार्यक्रमको हकमा सम्पन्न हुन बाँकी चरणमा मात्र यो चेकलिष्ट लागू हुनेछ।

*नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत मितिः २०८२/०३/०८*